कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

हरिहरभवन, ललितपुर

## आयोजनाको सहयोगमा संचालित Productive Alliance उप-आयोजनाहरुबाट उत्पादन हुने दुग्धजन्य पदार्थ, मासुजन्य पदार्थ (खसी बोकाको मात्र) र च्याङग्रा पश्मिना खरिद गर्न चाहने खरिद कर्ताहरुलाई आफ्नो माग विवरण पेश गर्ने बारे

# अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०७६/०७/२६

विश्व बैंकको ऋण सहयोगमा संचालित यस आयोजनाले पशुजन्य पदार्थको उत्पादनकर्ता र खरिदकर्ता विचको सम्झौता (Productive Alliance) को अवधारणालाई प्रोत्साहित गर्दै विभिन्न खरिदकर्ताहरुको माग संकलन गरी माग अनुसारको आपूर्ति व्यवस्था मिलाउन विभिन्न जिल्लाहरुमा उत्पादक संस्था (Producer's Organizations) गठन गर्दै आइरहेको सर्वविदितै छ । यस क्रममा आयोजनाबाट कृषक समूह, सहकारी, उद्यमी तथा सम्बन्धित कम्पनीहरुलाई (SMEs), उत्पादक र खरिदकर्तावीच सम्झौता भई तयार गरिएका व्यवसायिक योजनाहरुः दुग्धजन्य पदार्थ, खसी बोकाको मासुजन्य पदार्थ र च्याङग्रा पश्मिनाको मूल्य श्रृंखलामा Productive Alliance को माध्यमबाट उप-आयोजनाहरु संचालन गर्ने हुँदा उक्त उप-आयोनाहरुबाट उत्पादित दुग्धजन्य पदार्थ, मासुजन्य (खसी वोकाको मात्र) र च्याङग्रा पश्मिना बजारको माग अनुसार (National / International Market) खरिद गर्न चाहने खरिदकर्ताहरुले तपसिलका विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाइ, विराटनगर/हेटौडा/पोखरा/बुटवल वा यस आयोजना व्यवस्थापन कार्यालय हरिहरभवन, ललितपुरमा आफ्ना माग विवरण पेश गर्न हुन सम्बन्धित सबै इच्छुक सरोकारवालाहरुलाई अनुरोध गरिन्छ ।

**तपसिल :**

१. खरिदकर्ताको नाम/ठेगाना : .............................................................................. सम्पर्क नम्बर : ...............................

२. खरिदकर्ताको विवरण : (१) दर्ता भएको भए (क) कम्पनीको नाम (ख) दर्ता मिति (दर्ता भएको स्थान)

(२) अन्य फुटकर व्यवसायी भए, सोही अनुसारको नाम/ठेगाना, सम्पर्क नम्बर

३. खरिद गर्न चाहेको वस्तुको मागको विवरण :

| सि. नं. | वस्तुको विवरण | माग वार्षिक परिमाण मे.टन/केजी. | तोकिएको गुणस्तर केही भए | खरिद गर्न चाहेको स्थान वा कृषक संस्था | उत्पादकले डेलीभरी दिनुपर्ने स्थान | अन्य सर्त केही भए |
|---|---|---|---|---|---|---|
| १. | दुग्धजन्य पदार्थ | | | | | |
| २. | मासुजन्य पदार्थ | | | | | |
| ३. | च्याङग्रा पश्मिना जन्य | | | | | |

विस्तृत जानकारीको लागी सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाइ वा यस आयोजनामा सम्पर्क राख्न हुन र आयोजनाको वेभसाइट हेर्नुहुन अनुरोध छ ।

**सम्पर्क नम्वरहरु :**

सूचना अधिकारि, आयोजना व्यवस्थान इकाई, फोन नं.: ५५५४९०६ / वेभसाइट : www.nlsip.gov.np,
Email address : nlsipnepal@gmail.com

विकेन्द्रिकृत आयोजना सहयोग इकाइहरु, हेटौडा : ०५७-५२४५७४, विराटनगर : ०२१-५००२८३, बुटवल : ०७१-५५०५८०, पोखरा ०६१-५२७१२०

**आयोजना निर्देशक**

**पुनश्च :**

Productive Alliance उप-आयोजना भन्नाले कुनै निश्चित उदेश्य प्राप्तीको लागी कृषि उत्पादक र कृषि खरिदकर्ता विच मैत्रीपूर्ण सम्झौता भई आयोजनाको प्राविधिक सहयोगमा संचालन भएको उप-आयोजनाहरुलाई जनाउँदछ । यस प्रकृयामा खरिदकर्ताले आयोजनाबाट कुनै अनुदान प्राप्त गर्ने अवस्था रहदैन ।